# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीतिक योजना

२०७९

नगरकार्यपालिकाको कार्यालय
गौर नगरपालिका
रौतहट, जिल्ला
मधेस प्रदेश

## विषय सुची


| | | |
|---|---|---|
| १ | पृष्ठभूमि | १ |
| १.१ | नगरपालिकाको परिचय | ३ |
| २ | अवस्था विश्लेषण | ४ |
| २.१ | SWOT विश्लेषण | ५ |
| २.२ | सरोकारवाला पहिचान | ८ |
| २.३ | लक्षितवर्ग पहिचान | ९ |
| ३ | दीर्घकालिन सोच (Vision) | १० |
| ४ | ध्येय (Mission) | १० |
| ५ | लक्ष्य (Goal) | १० |
| ६ | उद्देश्य (Objectives) | १० |
| ७ | लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति | ११ |
| ८ | लैससास रणनीति (GESI Strategy) | १२ |
| ८.१ | मूल प्रवाहीकरण | १२ |
| ८.२ | समावेशीकरण | १२ |
| ८,३ | स्थानीयकरण | १२ |
| ८.४ | सशक्तिकरण | १२ |
| ८.५ | सचेतीकरण | १३ |
| ८.६ | संस्थागत संरचना | १३ |
| ८.७ | सहकार्य | १३ |
| ८.८ | समन्वय | १३ |
| ८.९ | सहजीकरण | १३ |
| ८.१० | सामाजिक सुरक्षा | १४ |
| ८.११ | अनुगमन मूल्याङ्कन | १४ |
| ९ | रणनैतिक कृयाकलापहरु | १४ |
| १० | वित्त व्यवस्थापन | २० |
| ११ | कानूनी व्यवस्था | २१ |

| | | |
|---|---|---|
| १२ | रणनीति कार्यान्वयनको जीम्मेवारी तथा दायित्व ................................ | २२ |
| १३ | रणनीति कार्यान्वयन अनुगमन सम्बन्धी व्यवस्था .............................. | २२ |
| १४ | जोखिम ........................................................................... | २२ |
| १४.१ | संभाव्य जोखीम ................................................................. | २३ |
| १४.२ | जोखीम न्यूनीकरणका उपायहरु .................................................. | २३ |
| १५ | निश्कर्ष ........................................................................... | २३ |

## १.पृष्ठभूमि

कुनै पनि देशको संविधान त्यस देशको मुल कानुन हो । यसलाइ आधार मानेर अन्य कानुनहरुको निर्माण हुन्छ । संविधान सँग बाझिएको हकमा अन्य कानुनहरु सोत निस्क्रिय हुन्छ । यस सन्दर्भमा नेपालमा भएको मधेश आन्दोलन तथा २०६२/६३ को जनआन्दोलन नेपालको व्यवस्था प्रणालीमा परिवर्तन गर्‍यो । व्यवस्था परिवर्तन पश्यात विभिन्न उतावचडावको विचमा नेपालको नयाँ संविधानको निर्माण भयो ।

नेपालको संविधान २०७२ लाई हेर्दा यसको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको पक्षबाट विश्लेषण गर्नु पर्दछ । नेपालको संविधानको प्रस्तावनामा नै लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरिएको छ । यसैगरी धारा ३८ ले मौलिक हक अन्तर्गत महिलाको हक समावेश गरेको छ । महिला हक अन्तर्गत प्रत्येक महिलालाई लैङ्गिक भेदभाव विना समान बंशीय हक हुने, प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुने, महिला विरुद्व धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुने, राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुने, महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने तथा सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुने व्यवस्था गरेको छ ।

यसैगरी धारा ४२ अन्तर्गत सामाजिक रुपले पछाडि परेका महिला लगायतलाई समावेशी सिद्धान्तका आधारमा राज्यको संरचना तथा सार्वजनिक सेवामा सहभागिताको हक हुने उल्लेख गरी सामाजिक न्यायको हक प्रत्याभूत गरेको छ । धारा ४३ ले आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका एकल महिला लगायतलाई कानुन बमोजिम सामाजिक सुरक्षाको हक सुनिश्चित गरेको छ । यसका साथै महिला विरुद्ध हुने हिंसाजन्य कार्यहरूलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ । समानताको हकले नागरिकहरू, सामाजिक र सांस्कृतिक रुपले पछाडि परेका समुदाय समेतको संरक्षण, सशक्तिकरण वा विकासको लागि संविधान विशेष प्रावधानहरूको थप व्याख्या गरको छ । सामाजिक न्यायको हकले राज्यका हरेक निकायहरूमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकारको स्थापना गरेको छ ।

त्यसै गरी राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन भन्ने व्यवस्था गरेको छ । त्यस्तै गरि सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पछाडि पारिएको/परेको वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बाल-बालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस-आर्य लगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन भन्ने व्यवस्था समेत गरेको छ । त्यस्तै समान कामका लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव नगरिने एवं पैतृक सम्पत्तिमा लैङ्गिक भेदभाव विना सबै सन्तानको समान हक हुने व्यवस्था गरेको छ । यसर्थ उल्लिखित आधारमा के भन्न सकिन्छ भने

नेपालको संविधानले राज्यका सवै तहहरू संघीय, प्रादेशिक र स्थानीय तहमा महिला प्रतिनिधित्वको अनिवार्य व्यवस्था गरेको छ । स्थानीय सरकारका सवै तह, स्थानीय कार्यकारिणी, न्यायिक समिति, स्थानीय सभा, प्रदेश सभा र जिल्ला समन्वय समितिमा महिला प्रतिनिधित्वको अनिवार्य व्यवस्थाले राज्य प्रणालीलाई लैङ्गिक रुपमा समावेशी बनाएको स्पष्ट उल्लेख गरेको छ ।

नेपालको संविधानले महिला अधिकार सम्बन्धी तथा समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरको छ । नयाँ प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्दै ती अधिकारहरू महिला तथा सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पछाडि पारिएको/परेको वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बाल-बालिका, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस आर्य लगायत नागरिकहरूले राज्यको हरेक निकायमा आप्नो अधिकारको उपभोग गर्न सक्ने वातावरण सिर्जना गर्न आवश्यक छ ।

स्थानीय सरकार सञ्चालन ऐनमा पनि लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणलाइ जोड दिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा उल्लेख गरिए बमोजिम गाउंपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार अर्न्तगत विभिन्न बुँदाहरूहरूले जेष्ठ नागरिक, अपाङ्गता भएका ब्यक्ति र असक्त सहित सुकुम्बासी ब्यवस्थापन गर्न लक्षित समुह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र ब्यवस्थापन, सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्याङ्क र सूचना ब्यवस्थापन र गरिब घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण, सूचना ब्यवस्थापन र नियमन गर्ने कुराहरू उल्लेख गरिएकोछ । त्यस्तै उक्त ऐनको दफा १२ मा उल्लेख गरिए बमोजिम वडा समितिको काम, कर्तव्य र ` अधिकार अर्न्तगत स्थानीय तहको योजना तर्जुमा गर्दा सहभागितामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रकृया अवलम्बन गरी महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड, योजना बनाउदा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिदै लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) प्रवर्द्धन गर्ने व्यवस्थालाई जोड दिएको छ ।

त्यस्तै वडाभित्रका विकास कार्यहरू कार्यान्वयन गर्दा उक्त वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका वा पारिएका महिला, बाल-बालिका, दलित, अपाङ्गता भएका ब्यक्ति, जेष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको अभिलेख राखि सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने कुरालाई समेत स्पष्ट रुपमा औल्याइएको छ । नेपाल सरकारले मन्त्रालय तहमा पनि लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नितिहरुलाइ कार्यान्वयन तहमा ल्याउनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका “लैङ्गिक समानता तथा सामाजिक समावेशीता स्थानीयकरण रणनीति, २०७५” (मस्यौदा), स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको“स्वास्थ्य क्षेत्रको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०६६”, महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयको “राष्ट्रिय लैङ्गिक समानता नीति, २०७४” (मस्यौदा), शहरी विकास मन्त्रालयको “लैङ्गिक समानता तथा सामाजिक समावेशी मार्गदर्शन, २०७०” आदि जस्ता लैससास नीति तथा मार्गदर्शन तयार गरिएकोछ ।

गौर नगरपालिकामा लैङ्गिक समानता तथा समाजिक समावेशिकरण सम्बन्धीत सवाल र समस्याहरु जटिल रुपमा रहेको छन् । गरिबीको रेखामुनि रहेका वर्गहरुमा सचेतनाको अभाव र मध्यम वर्गको

परम्परागत सोचको कारण महिला हिसा, दहेज प्रथा बालविवाह जस्ता समस्याहरु, बालबालिकाहरु विद्यालय नजाने र गएपनि विचैमा छोड्ने प्रवृतिहरु रहेको देखिन्छ । अधिकाश परिवार गरिबीको रेखामूनि रहेको हुँदा जिविकोपार्जनको समस्याले आर्थिक सशक्तिकरणको पाटो अझ्केलमा परको छ । पालिकामा न्यून आयस्रोत भएका दलित परिवारहरुको अवस्था झनै दयनिय रहेको छ । पालिकामा लैससास सम्बन्धी  क्षमताको विकासका सिमित कार्यक्रमहरु भने सञ्चालन भएका छन् । कर्मचारीहरुलाइ पनि लैससास सम्बन्धी विभिन्न तालिमहरुमा सहभागी भएका छन् । विपन्न वर्गहरुलाइ सिपमूलक तालिम पनि सञ्चालन भएको देखिन्छ । नयाँ जनप्रतिनिधिहरु यस विषय थप कार्यक्रमहरु सञ्चालन गर्न उत्साहित रहेका छन् ।

## १.१ नगरपालिको परिचय

गौर नगरपालिका नेपालका ७ प्रदेश मध्ये मधेस प्रदेश रौतहट जिल्लामा अवस्थित छ । रौतहट जिल्लाको सदरमुकाममा अवस्थित गौर नगरपालिका नेपाल र भारतको सिमानामा पर्ने मुख्य प्रवेशद्वारहरु मध्ये एक महत्वपूर्ण पर्यटकीय, व्यापारीक र औद्योगिक केन्द्रको रूपमा स्थापित छ । गौर नगरपालिकाको स्थापना वि. स. २०४८ चैत्र ३० गते भएको हो र विधिवत् रुपमा मिति २०४९/०१/२४ गते देखि कार्यालय स्थापना भई संचालनमा आएको हो । गौर नगरपालिका तत्कालीन गौर, टिकुलिया, पुरेनवा, सिर्सिया र सवगढा गरी ५ गाविसहरुलाई समायोजन गरि बनेकोमा संघिय लोकतान्त्रिक गणतंत्र स्थापना पश्चात नेपालको संबिधानले परिकल्पना गरेको ३ तहको शासन व्यवस्था अन्तर्गत साविकका गा.वि.स. र न.पा. गाउपालिका र नगरपालिकामा रुपान्तर हुने व्यवस्था वमोजिम गौर न.पा. १३ वडा बाट घटेर हाल ९ वटा वडामा विभाजन गरी प्रशासनिक कामकाज हुदै आएको छ । सांस्कृतिक परम्परा र मान्यताहरू साहित्य, भाषा, कला, धर्म, सस्कृतिको साझा संगमको रुपमा यस नगरपालिका रहेको छ । यस नगरपालिकाको सिमाना पूर्वमा राजदेवी नगरपालिका, पश्चिममा ईशनाथ नगरपालिका, उत्तरमा राजपुर नगरपालिका र दक्षिण भारत (बिहारको सीतामढी) रहेका छन् ।  कुल क्षेत्रफल २१.५३ व.कि.मी. ओगटेको छ भने नगरपालिकामा उष्णप्रदेशीय हावापानी पाइन्छ अधिकतम तापक्रम ४० डिग्री सेल्सीयस र न्युनतम ५ डिग्री सेल्सीयस पुग्ने गरेको छ । धरातलिय अवस्था समथर खालको रहेको छ । साथै यसको ठूलो भाग शहरीकरण र व्यापार व्यवसाय लगायत उद्योगहरुले ओगटेका छन् भने ग्रामिण क्षेत्रका भागहरुमा कृषि उत्पादन गरिन्छ । मंसिरदेखि माघसम्म जाडो हुने, बैशाख देखि आश्विनसम्म गर्मी हुन्छ । लगभग ८० प्रतिशत वर्षा आषाढ, श्रावण, भाद्र महिनामा मनसुनी वर्षा हुने गर्दछ । अनेक जाति, भाषा, धर्म र संस्कृति रहेको गौर नगरपालिकामा दशैं, तिहार, तीज, हरितालिका, श्रीकृष्ण जन्माष्टमी, छठ, फागु, माघेसंक्रान्ती, ईद आदि चाडबाडहरु मनाईन्छन् । गौर नगरपालिका नेपाल र भारतको सिमानामा पर्ने मुख्य प्रवेशद्वारहरु मध्य एक महत्वपूर्ण पर्यटकीय, व्यापारीक र औद्योगिक केन्द्रको रूपमा स्थापित छ । यो नगरपालिकाका वासिन्दाहरुको मूख्य आर्थिक श्रोत उद्योग, ब्यापार, नोकरी, कृषि र ज्याला मजदुरी हो । यस नगरपालिकामा वसोवास गर्ने शहरी क्षेत्रका अधिकांस मानिसहरु व्यापार व्यवसाय तथा जागिर रोजगारी गर्दछन् । ग्रामिण समुदायका मानिसहरु खेतीपाती र ज्याला मजदुरीबाट जीवन निर्वाह गर्ने गर्दछन् । कृषितर्फ मूख्यरुपमा धान, तोरी, दलहन बाली, गहुँ, मकै, उखु आदिको उत्पादन हुन्छ । गौर नगरपालिकाको २०६८ सालको जनगणना अनुसार कुल जनसङ्ख्या ३४,९३७ रहेको छ । त्यसैगरि घरधुरी संख्या ५६३५ रहेको यस नगरपालिकामा संस्थागत अन्तर्गत (सामान्य पसल, कलकारखाना, होटल तथा रिर्सोट, नीजि अस्पताल तथा मेडिकल कलेज, डिपार्टमेन्टल स्टोर, सुपरमार्केट, बैंक तथा वित्तिय संघसंस्था, सामुदायिक तथा नीजि विद्यालय, सरकारी भवन रहेका छन् भने यस नगर

पालिकामा मुस्लिम, तेली कानु, कल्वार, ब्राहमण, यादव, मलाह, सहनी,वीन, दुसाध,पाशवान, मारवाड़ी, कुर्मी, कायस्थ, बनिया, केशरी, राजपूत, कोडरी, तत्मा, चमार आदि जातजातीको बसोवास रहेको छ ।

## २.अवस्था विश्लेषण

लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका रणनीतिका लागि पहिलो चरण भनेको नै वर्तमान अवस्था विश्लेषण हो । हालको अवस्था विश्लेषणका लागि मुख्य हिसावले ३ वटा क्षेत्र निर्धारण गरिएको छ । जसको विवरण निम्नानुसा प्रस्तुत गरिएको छ ।

### २.१. सबल, सुधार गर्नुपर्ने, अबसर र चुनौती (SWOT) विश्लेषण

यस रौतहट नगरपालिकाको लैससासको दृष्टिकोण बाट बलियो पक्ष सुधार गर्नु पर्ने पक्ष पक्ष अवसर तथा चुनौती (SWOT) विश्लेषण गरिएको छ । यसरी विश्लेषण गर्दा नीतिकानूनमा समावेशीता, संस्थागत व्यवस्थामा समावेशीता, मानव संसाधन तथा क्षमता विकासमा समावेशीता, सेवा प्रवाहमा समावेशीता र सुसासन तथा उत्तरदायीत्वमा समावेशीतामा आधारित रहेर विश्लेषण गरिएको छ । जसलाई निम्नानुसार तल प्रस्तुत गरिएको छ ।

**क.सबल पक्ष**

१.स्थानीय तहले सूचना सैबैले बुझ्ने गरि प्रवाह तथा प्रसारण गरेको ।

२ सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न सबै लाभग्राहीहरुको विवरण अद्यावधिक गरेको ।

३.योजना, महिला बालबालिका पिछडिएको वर्ग क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने गरि बनेको ।

४.विभिन्न क्षेत्रगत कानूनहरुको निर्माण भएको र यसले नीतिगत रुपमा लैससास लाई सम्बोधन गरेको

५.अपाङ्गता परिचय पत्र वितरण निर्देशिका तयार भई प्रभावकारी रुपमा कार्यान्वनय भएको ।

६.हरेक निकाय तथा समितिहरुमा महिला लक्षित वर्गको सहभागिताको सुनिश्चितता भएको छ ।

७.उपभोक्ता समितिहरुमा ३३ प्रतिशत महिलाको सहभागिता अनिवार्य गरेको छ ।

८.महिला तथा बञ्चितीमा परेका समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाएको

९.कार्यरत कर्मचारीहरुमा लैङ्गिक समावेशीता भएको

१०.महिला बालबालिका जेष्ठ नागरिक शाखा स्थापना र सचालन भएको

११.स्थानीय तहले गठन गर्ने समिति उपसमितिहरुको मुख्य पदमा महिला सहभागिता सुनिश्चित गरेको

१२.सामाजिक सुरक्षाका सुविधा पाउने लाभग्राहीहरुको अभिलेख व्यवस्थापन तथा तथ्याङ्क अद्यावधिक गरेको ।

१३.समावेशी सुचना प्रणाली व्यावस्थापनका लागि बजेट विनियोजन तथा कार्यान्वयन ।

१४.लक्षित वर्गको क्षमता विकासका लागि बजेट विनियोजन गरेको ।

१५.महिला विरुद्ध हुने सवै प्रकारका हिंसा निवारण गर्ने कार्यक्रममा बजेट विनियोजन गरेको ।

१६.महिलाका लागि कानूनी सचेतना सम्बन्धी अनुशिक्षण कार्यक्रम संचालन भएको (कानूनी हक अधिकार, एकल महिला मानव बेचविखन यौन हिंसा आदी )

१७.उमेर पुगेका सवै बालबालिकाहरु विद्यालय भर्ना भएका ।

१८.सवै विद्यालयमा किशोरीहरुलाई निशुल्क सेनिटरी प्याड वितरण गरेको ।

१९.निराक्षर महिलाहरुका लागि विशेष कार्यक्रम संचालन गरेको ।

२०.लैङ्गिक हिंसा तथा घरेलु हिंसा पिडितहरुले न्यायिक समिति तथा मेलमिलाप केन्द्र मार्फत विनाखर्च न्याय पाएको ।

२१.संघीय र प्रदेश सरकारका नीति नियम कार्यक्रमको कार्यान्वयनमा नगरपालिका सहकार्य समन्वय गरेको

२२.लक्षित वर्गको उपस्थितिमा लक्षित वर्गका आगामी योजना तथा सम्पन्न योजनाका वारेमा छलफल हुने गरेको ।

२३.नियमित रुपमा कार्यक्रमको सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजानिक सुनुवाई मार्फत कार्यक्रमको सार्वजनिक गरेको ।

**ख.सुधार गर्नु पर्ने पक्ष (Weakness)**

१.लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति तयार नभएको ।

३.महिलाहरुको छुट्टै खण्डिकृत डाटा (बस्तुगत विवरण) नभएको ।

५.लैङ्गिक उत्तरदायी तथा समाजिक समावेसी वजेट निर्माण एवम परीक्षणलाई वजेट व्यवस्थापन नभएको ।

६.दीगो विकासको लक्ष्यका लक्ष्य नं १, ५,१० र १६ लाइ तोकेर बजेट विनियोजन नगरिएको ।

७.कुनै नीति नियम कार्यविधि दिगदर्शन जारी गर्नुभन्दा अगाडी लैससास को दृष्टिले उपयुत्त भए नभएको बारे लेखाजोखा वा विश्लेषण  नगरेको ।

८.निश्चित प्रतिशत वजेट लक्षित वर्गमा विनियोजन नगरेको

९.उपभोक्ता समितिहरुमा भएका छलफलमा लैससासका विषयमा छलफल गरेको अभिलेख नभएको

१०.योजना तर्जुमा प्रकृयामा लैससासको दृष्टिकोणवाट विश्लेषण भएको अभिलेख नभएको

११.महिला पुरुष विचको असमानता हटाउन तथा समाजिक समावेशीकरण बढाउनको लागि निश्चित कार्यनीति नरहेको ।

१२.कार्यालयमा हुनसक्ने कुनै पनि प्रकारको दुव्यवहार भेदभाव महिला हिंसा नियन्त्रणको आचारसंहिता वनाएर लागु नभएको ।

१३.मानव संसाधन विकास शाखाको स्थापना नभएको ।

१४.पदाधिकारी तथा कर्मचारी लैससास सम्बन्धी जानकार भएपनि कार्यान्वयन पक्ष लैससास मैत्री नभएको ।

१५.स्थानीय तहका सवै पदाधिकारीहरुलाई कानूनको मस्यौदा तर्जुमा तथा प्रकृयाका वारेमा अभिमुखीकरण नभएको

१६.लैङ्गिक हिंसा मुक्त स्थानीयतह घोषणा हुन नसकेको ।

१७.कर्मचारीहरुलाई पछिल्लो समय निर्माण भएका कानून कार्यविधिहरुका वारेमा नियमित अभिमुखीकरण हुन नसकेको ।

१८.सार्वजानिक स्थल तथा कार्यालयहरुमा स्तनपान गृह नभएको ।

१९.गर्भवती महिलालाई जोखीम तथा खतरा युक्त काममा नलगाउने नीति तयार नभएको ।

२०.यौनिक तथा लैङ्गिक अल्पसंख्यकका लागि बजेट विनियोजन तथा  शौचालयहरुमा विशेष व्यवस्था नभएको ।

२१.लैससास सम्बन्धी सरोकारवाला निकाय विच समन्वय तथा सहकार्यकालागि संयन्त्र निर्माण नभएको साथै अनुशिक्षण नभएको ।

२२.योजना तथा कार्यक्रमको  अनुगमन मूल्याङ्कन गर्दा लैससासका दृष्टिकोणका आधारमा नभएको

२३.जनप्रतिनिधिहरुको विस्तृत वैयत्तिक  विवरण  वेभसाइडमा नराखिएको

२४.सामाजिक संजालमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी सुचना, समाचार तथा सन्देशमुलक विषय वस्तु आदि प्रकाशन नभएको ।

**ग. अवसर**

१.विभिन्न जातजाती, समुदाय बिच सामाजिक र सांस्कृतिक विविधता रहेकोले सामाजिक समावेशीकरण व्यवहारमा लागु गर्ने उपयुक्त सामाजिक वातारण रहेको ।

३.योजना कार्यान्वयनमा उत्कृट शाखालाई पुरस्कृत गर्ने परिपाटी हुनु । (जसले कानून कार्यान्वनयका आधारमा उत्कृष्ट शाखा तथा वडाहरुलाई पुरस्कृत गरी निर्माण भएका कानूनहरुको व्यवहारिक पक्षको अध्ययन विश्लेषण गर्ने सकिने )

४.आवश्यक पर्ने कानून, नीति, नीयम बनाउन सक्ने दक्ष जनशक्ति स्थानीय तहमा उपलव्ध हुनु ।

५.विभिन्न गैह्रसरकारी संघसंस्थाको कार्यक्षेत्रको रुपमा स्थानीय तह हुनु ।

६.युवा कर्मचारीको वाहुल्यता रहेकोमा युवा जोस र जाँगरलाई पालिकाको सर्वाङ्गिण हितमा प्रयोग गर्न सक्ने ।

७.महिला तथा लक्षित वर्गका विभिन्न समूहहरु क्रियशिल हुनु । (जसमा नियमित रुपमा नेतृत्व विकास तथा समूह संचालनका वारेमा गतिविधि हुने हुनाले महिला तथा लक्षित वर्गका कार्यक्रमहरु महिला तथा लक्षित वर्गवाटै संचालन गर्न सकिने ।

८.राष्ट्रिय गौरबका आयोजना स्थानीय तहमा संचालन हुनु (काम गर्ने अवसर तथा विकासलाई जोड दिनका लागि सहज हुन्छ )

९.स्थानीय तहका  सवै कार्यालयहरुमा महिला हिंसा तथा विभेद हुन नदिनका लागि लैङ्गिक हिंसा न्यूनीकरण आचार संहिता निर्माण  गर्न गैससले सहयोग गरिरहेको हुनु ।

१०.संघीय सरकार तथा प्रदेश सरकार संग प्रत्यक्ष पहुँच राख्ने जनप्रतिनिधिहरु हुनु । (आवश्यकीय योजना र बजेट माग गर्नका लागि पहुँच पुग्छ)

११.जनप्रतिनिधिहरु तथा कर्मचारीहरु लैससास सहिति अन्य विभिन्न विषयको श्रोत व्यक्ति हुनु । ( क्षमता विकासका कार्यक्रमहरु संचालन गर्न सकिने )

१२.वालमैत्री, लैङ्गिक मैत्री, अपाङ्ग मैत्री जस्ता विकास मोडलका विषय विज्ञहरु स्थानीय तहमा हुनु ।

१३.लैङ्गिक हिंसा मुक्त स्थानीय तह घोषणा गर्ने प्रतिवद्धता सहितको बृहत आवधिक योजना तयार भएको ।

१४.स्वास्थ्य वीमा कार्यक्रमलाई सवै घरधुरीमा पुर्याउन प्राविधिक सहयोगका लागि गैससले काम गरिरहेको ।

१५.एक घण्टाको पहुँच भित्र सवै नागरिकका लागि स्वास्थ्य सेवाको पहुँच हुनु । (सवै गर्भवती महिलाहरुलाई सुरक्षित रुपमा प्रसूति गराउन सकिने )

१६.अंग्रेजी माध्यमबाट पठनपाठन हुने सरकारी विद्यालयहरु हुनु । (शैक्षिक तथा अन्य कार्यक्रमहरु समावेश गरी सरकारी विद्यालयमा विद्यार्थीहरुको आकर्षण वढाउन सकिने जहाँ किसान गरिब तथा मजदुरका छोराछोरी पठनपाठन गर्छन) ।

१७.सुफथ मूल्यका सहकारी पसलहरु स्थापना संचालनमा हुनु ( महिला तथा लक्षित वर्गलाई प्रत्यक्ष राहात दिन सकिने )

१८.किसान सम्मान अभिनन्दन पुरस्कार आदि कार्यक्रम नियमित रुपमा हुनु (किसान र कृषि प्रवर्द्धन गर्न सकिने ।

१९.कृषि तथा नैतिक शिक्षा जस्ता व्यवाहारिक विषयहरु विद्यालयमा पठन पाठन हुनु ।

२०.आवश्यक सवै शाखामा पर्याप्त जनशक्ति हुनु ।

२१.अन्तराष्ट्रिय सन्धी संझौता तथा प्रतिवद्धताहरु लाई स्थानीयकरण गर्न गैससले प्राविधिक सहयोग पुर्याउनु ।

२२.अनुगमन मूल्याङ्कनमा लैससास सम्बन्धी सूचकहरु पहिचान समावेश गर्नका लागि आवश्यक काम हुनु ।

## घ.चुनौतीहरु

१.छुवाछुत,लैङ्गिक विभेद, पुत्रमोह जस्ता परम्परागत हानीकारक मुल्य मान्यता विरुद्धका नीति नियम कार्यविधि कार्यान्वयनमा जटीलता ।

२.मागमा आधारित अत्याधिक योजनाहरु कार्यान्वनय गर्न र प्राथमिकिकरण नीति वनाउन कठिन ।

३.संघियता  कार्यान्वयनमा स्थानीय तहलाई छुट्टै सरकारको मान्यता पाउन नै कठीन ।

४.गरिबी पहिचानका आर्थिक, सामाजिक आधारहरु ठाउँ अनुसार फरक फरक पर्ने भएकोले गरीवी मापनका सुचकहरु निर्माण गर्न ।

५.विशेष गरि महिलाद्वारा सम्पादित घरभित्रको विना पारिश्रमिक को कामको मूल्याङ्कन गर्न ।

६.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी निर्माण भएका ऐन, नियम, कानून कार्यविधि,  कार्यान्वन समाजमा जरा गाडेर वसेको सामाजिक कुरीतिहरु (जातीय छुवाछुद, बोक्सीको आरोप लगाउने,  घरेलु हिंसा,वाल विवाहको अन्त्यका लागि विभिन्न कार्यक्रम हरु सञ्चालन गर्न  ।

८.संघीयताको अभ्यासको चरण भएका कारण नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कठीन ।

९.कृषि प्रति युवा लाई आकर्षित गर्न र जीविकोपार्जनको प्रमुख आधारको रुपमा कृषिलाई स्थापित गर्न ।

१०.सामाजिक सञ्जाल मार्फत  हुने गरेका र हुन सक्ने संभावित भ्रमहरु चिर्नका लागि आवश्यक प्रविधि र जनशक्ति व्यवस्थापन गर्न ।

११ं  दुर्व्यसनीमा युवाहरुको संलग्नता बढ्दै जानु ।

## २.२. सरोकारवाला पहिचान

लैङ्गिक समानता तथा समाजिक समावेशीकरण रणनीति कार्यान्वयनको कार्यान्वयनका लागि निम्नानुसार सरोकारवालाहरु पहिचान गरिएको छ । जसमा सिधा सर्म्पक हुने । दोश्रो माध्यमबाट संम्पर्क हुने र अप्रत्यक्ष रुपमा संपर्क हुने गरी निम्नानुसार ३ भागमा विभाजन गरिएको छ ।

| सिधा सम्पर्क हुने (पहिलो नं का सरोकारवालाहरु) | दोश्रो माद्यमवाट सम्पर्क हुने (दोश्रो नं का सरोकारवालाहरु) | अप्रत्यक्ष सम्पर्क हुने (तेश्रो नं का सरोकारवालाहरु ) |
|---|---|---|
| शिक्षा शाखा | बैंक तथा वित्तिय संस्थाहरु | प्रदेश योजना आयोग |

| | | |
|---|---|---|
| स्वास्थ्य शाखा | उद्योगहरु | प्रदेश अनुसन्धान तथा प्रशिक्षण केन्द्र |
| सहकारी शाखा | वालक्लवहरु | भूमि व्यवस्था आयोग |
| खानेपानी तथा सरसफाइ शाखा | आमा समुहहरु | संघीय मन्त्रालयहरु |
| युवा तथा खेलकुद शाखा | जेष्ठ नागरिक मिलन केन्द्रहरु | महिला आयोग |
| प्रशासन शाखा | विद्यालयहरु | दलित आयोग |
| सबै वडा कार्यालयहरु | गैह्सरकारी संस्थाहरु | मुस्लीम आयोग |
| नगरपालिका | स्वयम सेवक समुहहरु | राष्ट्रिय योजना आयोग |
| नगर सभा | उद्योग वाणिज्य संघ | मनव अधिकार आयोग |
| न्यायिक समिति | राजनैतिक दलहरु | अन्तराष्ट्रिय दातृ निकायहरु |
| विषयगत समितिहरु सबै | संचार माध्यमहरु | राष्ट्रिय स्तरका संचार माध्यमहरु |

नोटः स्थानीय तहमा रहेका अन्य सरोकारवालाको आधारमा थपघट गर्न सकिनेछ।

## २.३. लक्षितवर्ग पहिचान

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको लक्ष्य नै लक्षित वर्गलाई विकासको मूल प्रवाहमा ल्याउनु हो त्यसका लागि निम्नानुसार लक्षित वर्गहरु पहिचान गरिएको छ।

१. महिला

२. एकल महिला

३. बालबालिका

४. जेष्ठनगारिक

५. आदिवासी जनजाती

६. मुस्लीम

७. अल्पसंख्यक/ लोपोन्मुख

९. मजदुर

१० अपाङ्गता भएका व्यक्ति

११. द्वन्द्वपिडित

१२. विपन्न वर्ग

१३. सुकुम्वासी

१४.मधेसी

१५. पिछडिएको क्षेत्र र समुदाय

१६.लैङ्गिक तथा यौनिक अल्पसंख्यक

१७.सडक वालवालिकाहरु

माथि उल्लेखित तीनै प्रकारको विश्लेषणवाट  गढीमाई नगरपालिकाको वर्तमान अवस्थाका सबै पक्षहरु देखिएका छन् । बलियो पक्ष¸  सुधार गर्नुपर्ने  पक्ष¸ अवसर तथा चुनौती संगै लैससास रणनीति कार्यान्वयनका लागि तीन तहकै सरोकारवालाहरु तथा सवै लक्षित वर्गहरु पहिचान भइसकेको छ । धेरै भन्दा धेरै सवल पक्षहरु पहिचान भएका छन् ती सवल पक्षहरुलाई श्रोतको रुपमा परिचालन गरेर लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्दै लैजान सकिन्छ ।

## ३.दीर्घकालिन सोच (Vision)

लैंङ्गिक समानता तथा सामाजिक न्यायमा आधारीत समक्ष, सुदृढ, समावेशी पहुच सहितको समृद्ध समाजको निर्माण

## ४.ध्येय (Mission)

“लैङ्गिक तथा सामाजकि बिभेदको अन्त्य गरि सबै बर्ग, जातजाति लिङ्गको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरि सामाजिक न्यायमा आधारित गाउँपालिको निर्माण गर्ने”

## ५.लक्ष्य (Goal)

महिला तथा लक्षित वर्गको सवालहरुलाई मुलप्रवाहिकरण गरी सहभागितामुलक शासनको सुनिश्चिति गर्दै गौर नगरपालिकालाई  ।

## ६.उद्देश्य (Objectives)

यस रणनीतिको मुख्य उद्देश्य लैङ्गिक समानता तथा समाजिक समावेशीकरणको मान्यता अनुरुप स्थानीय तहले गर्ने सम्पुर्ण विकासका तथा प्रशासनिक कामलाई लैससास प्रति उत्तरदायी वनाउनु नै हो  । यस रणनीतिका उद्देश्यहरु निम्न अनुसार रहेका छन्:

१. गौर नगरपालिकाका महिला तथा लक्षित बर्गको सामाजिक तथा आर्थिक सशक्तिकरणको लागि नीतिगत र संरचनागत व्यवस्था गर्नु ।

२. महिला तथा लक्षित वर्गको सशक्तिकरणको माध्यमद्वारा सार्वजनिक स्रोत,साधनको पहुँच र नियन्त्रण बढाउनु ।

३. नगरपालिकामा लैङ्गिक उत्तरदायी शासन व्यवस्था अबलम्बन गर्नु ।

४. नगरपालिका भित्र हुने सबै प्रकारको लैङ्गिक विभेद, हिंसा र अन्य सामाजिक  कु- संस्कारहरुको अन्त्य गरी सबैले सामाजिक न्याय प्राप्त गरेको अनुभुति हुने सभ्य समाजको निर्माण गर्ने ।

५. महिला, बालबालिका, विपन्न तथा पिछाडिएको वर्गको अवश्यकता र चाहनाप्रति अझ बढी संवेदनशिल, उत्तरदायी, जवाफदेही हुनको साथै लैससास सम्बन्धी बुझाईमा एकरुपता कायम गर्न कर्मचारी तथा पदाधीकारीहरुको लैससासमा क्षमता विकास गर्ने ।

६. लैससास सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरु साथै संघिय तथा प्रदेश सरकारको लैससास सम्बन्धमा गरिएका प्रतिबद्धताहरु अनुरुपको दायित्व पुरा गर्नु ।

## ७.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति (GESI Policy)

माथि उल्लेखित उद्देश्यहरु परिपुर्तीका लागि निम्नानुसार नीतिहरु अवलम्वन गरिने छ ।

१.वार्षिक बजेट निर्माण गर्दा सामाजिक विकास,पुर्वाधार, कृषि वन तथा भूमीसुधार,गरिबी निवारण, स्थानीय विकास तथा शान्ती एवम सुशासन संग सम्बन्धीत सवै क्षेत्रको वजेटलाई लैङ्गिक उत्तरदायी वनाउने ।

२.हरेक वर्ष लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरि त्यसले औंल्याएका कमी कमजोरीहरुलाई अर्को वर्षको कार्यक्रममा समेटेर श्रोत साधनमा लक्षित वर्गको पहुँच अभिवृद्धि गर्दै लैजाने ।

३.महिला तथा बालवालिकासंग सम्बन्धीत सबै अन्तराष्ट्रिय सन्धि संम्फौताहरु, प्रतिवद्धताहरु तथा दीगो विकास लक्ष्य लाई स्थानीयकरण गरी त्यसका सूचकहरु पुरा गर्दै लैजाने ।

४.पालिकाले निर्माण गरेका सबै कानून, नीति नियम, निर्देशिका कार्यविधिहरु महिला, बालबालिका, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, अपाङ्गता, जेष्ठनागरिक, दलित,लोपउन्मूख सिमान्तकृत आदीवासी जनजाती सहित समग्र लक्षित वर्ग मैत्री वनाउदै लैजाने ।

५.लैससास बारे संबिधानमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न, वर्तमान संघीय शासन स्वरूप, नीति, नियम, ऐन, कानून, कार्यबिधि, साथै राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरूको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक संस्थागत संरचना, सचेतीकरण तथा क्षमता विकास गर्ने

६.वार्षिक बजेट तर्जुमामा छुट्टै कोष स्थापना गरी लैङ्गिक हिंसा निवारण महिला सीप विकास लगायत क्षमता विकासका कृयाकलापहरु संचालन गरि महिला पुरुष समविकासलाई वढावा दिने ।

७.लक्षित वर्ग पहिचान हुने गरि खण्डिकृत तथ्याङ्कहरु संकलन तथा अद्यावधिक गरि त्यसका आधारमा योजना तर्जुमा र बजेट विनियोजन गर्ने नीति अवलम्वन गर्ने ।

८.बालबालिका तथा अपाङ्ग एवम जेष्ठ नागरिकहरुलाई सामाजिक संरक्षण प्रदान गर्ने ।

९.मानब संसाधन विकास शाखा स्थापाना गरि महिला तथा विपन्न लक्षित वर्गको क्षमता विकासलाई पहिलो प्राथिमिकतमा राखेर कार्यान्वयन गर्दै लैजाने ।

१०.निर्माण भएका संघीय तथा स्थानीय कानून कार्यविधिहरुका वारेमा कर्मचारीहरुलाई अद्यावधिक गर्दै लैजाने ।

११.सामाजिक कुरीतिहरुका विरुद्ध सचेतना लाई सामाजिक विकासका हरेक कृयाकलापमा समावेश गरी छलफल गर्ने ।

१२.शिक्षा स्वास्थ्य खानेपानी तथा सरसफाई जस्ता समाजिक विकासका क्षेत्रहरुमा लैससासंग सम्बन्धीत सूचकहरु निर्माण गरी नियमित अनुगमन तथा मूल्याङ्कन गर्ने ।

## ८.लैससास रणनीति

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लगि तपशिलमा उल्लेखित रणनीतिहरु अवलम्वन गरिनेछः

### ८.१ मूलप्रवाहिकरण

क.महिला, गरिब र बहिष्करणमा परेका समुदायले भोगेका समस्या र सवालहरूको पहिचान तथा लेखाजोखा गरि नीतिगत ब्यवस्थाहरू, संस्थागत प्रणाली तथा संरचनाहरू, योजना, बजेट, पँहुचयुक्त अवसर, सेवामूलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान आदि कार्यमा समान अवसर मार्फत सवाल र समस्याको सम्बोधन गरि विकास प्रक्रियामा मूलप्रबाहीकरण गर्ने ।

ख.लैङ्गिक उत्तरदायी बजेट मार्फत सबै क्षेत्रमा महिला सहभागिता अभिवृद्धि गरि लैङ्गिक मूलप्रबाहीकरण गर्ने । साथै कानूनी प्रवन्ध संस्थागत सुधार तथा क्षमता विकासको माद्यमबाट लैङगिक उत्तरदायी शासन प्रणालीको विकास गर्ने ।

### ८.२ समावेशीकरण

क.विकासका अवसरवाट वञ्चित समुदायलाई आर्थिक सामाजिक तथा राजनैतिक क्षेत्र संग सम्बन्धीत सवै कृयाकलापहरुमा अर्थपुर्ण सहभागिता गराई समावेशी शासन प्रणालीको अवलम्वन गर्ने ।

### ८.३ स्थानीयकरण

क. अन्तराष्ट्रिय सन्धि संझौता प्रतिवद्धता तथा दीगो विकास लक्षका वारेमा सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गर्ने साथै स्थानीयकरण गरी आवश्यक प्रतिफल हासील गर्ने ।

### ८.४ सशक्तिकरण

क) नगरपालिकाको योजना तथा बजेट तर्जुमा प्रकृया देखि कार्यान्वयन र अनुगमनको चरण सम्म समुदायका विपन्न वर्ग, तथा महिलाहरुलाई सहभागी गराउन नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने ।

ख) नगरपालिकाको वडातहको लैससास सम्बन्धी खण्डिकृत तथ्याङ्कको व्यवस्था गर्न र समयानुकुल अद्यावधिक गर्न सहयोग गर्ने ।

ग) नगरपालिकाका वडास्तरमा योजना कार्यान्वयनमा प्रभावकारीता ल्याई महिला र विपन्न वर्गहरुको सूचना, श्रोत र साधनमा पहुँच बढाई फाईदाको समानुपातिक वितरण सुनिश्चित गर्न नेतृत्वदायी भूमिका निभाउने ।

घ) नगरपालिकाको वडा स्तरमा लैससास सम्बन्धि क्षमता विकासको योजना तयार गरी लैससास क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने र गराउने ।

उल्लेखित कार्यहरु गर्न कार्य योजना बनाई कार्यान्वयन गर्ने र गराउने ।

घ.कृषि, पशुपालन, सहकारी, घरेलु उद्योग तथा पर्यटन विकासको माध्यमवाट विपन्न तथा बञ्चितिकरणमा परेका समुदायलाई रोजगारी प्रदान गर्ने तथा स्वरोजगार वन्ने अवसर प्रदान गर्ने ।

## ८.५ सचेतीकरण

क.लैङ्गिक समानता तथा समाजिक समावेशीकरण बारे संविधान, ऐन कानून नीति कार्यविधि दिग्दर्शन का प्रावधान कार्य प्रणाली र समावेशीताका वारेमा सवै सरोकारवाला पक्षहरुलाई अभिमुखीकरण गरि कार्यान्वयन तथा परीणाममा एकरुपता ल्याउने ।

ख.समाजमा विद्यमान कुरीतिहरु अन्धविश्वास तथा गलत परम्परा विरुद्ध सचेतनालाई हरेक कृयाकलापमा अकाट्य सवाल (Cross cutting issue) को रुपमा छलफल गर्दै लैजाने ।

## ८.६ संस्थागत संरचना

संघीय तथा प्रादेशिक कानून कार्यविधि हरुमा व्यवस्था भए अनुरुप संस्थागत संरचनाहरु निर्माण गरी कार्यान्वयनमा जाने साथै पालिकाले निर्माण गर्ने हरेक ऐन कानून कार्यविधिहरुमा निर्माण हुने संस्थागत संरचनाहरुमा लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका दृष्टिकोणले बञ्चितिकरणमा परेका समूदायको सहभागिता सुनिश्चित गर्ने ।

## ८.७ समन्वय

क.विभिन्न शाखाहरु बीच आन्तरिक समन्वय गरी योजना तर्जुमा, बजेट विनियोजन उपभोक्ता समूह गठन तथा त्यसको नेतृत्व, परिचालन, अनुगमन मूल्याङ्कन लाई लैससास मैत्री वनाउदै लैजाने ।

ख.प्रदेश सरकार, संघीय सरकार, विभिन्न दातृनिकायहरु, प्रतिष्ठान, आयोग, समिति,स्थानीय तह लगायत अन्य विकास साझेदारहरु बीच समन्वय गरी लैससास मैत्री नीति निर्माण, योजना तर्जुमा तथा त्यसको प्रभावकारी कार्यान्वयनको आधार तयार गर्ने ।

## ८.८ सहकार्य

क.लैङ्गिक समानता तथा समाजिक समावेशीकरणका लागि पालिका भित्र विभिन्न शाखाहरु तथा अन्य विकास साझेदारहरु (बैक वित्तीय संस्था सहकारी उद्योग वाणिज्य संघ घरेलु उद्योग तथा गैह्र सरकारी संघ संस्था) विच सहकार्य गर्ने ।

ख.प्रदेश सरकार संघीय सरकार, विभिन्न दातृनिकायहरु, प्रतिष्ठान, आयोग, समिति,स्थानीय तह लगायत अन्य विकास साझेदारहरु संग लैससास मैत्री साझा प्रतिफल हासील गर्न सहकार्य गर्ने ।

## ८.९ सहजीकरण

क) नगरपालिका स्तरीय समितिको बैठक सामान्यतया प्रत्येक त्रैमासिक रुपमा बस्ने छ तर अवश्यकता परेमा जहिले पनि बस्न सक्ने छ ।

ख) वडा स्तरीय समितिको बैठक प्रत्येक २ महिनामा बस्ने छ ।

ग) समिति र उपसमितिका वैठकहरूको कार्यविधि नगरपालिकाका अन्य समिति वा उपसमिति सरह हुनेछ ।

घ) सेवा सुविधा नगरपालिकाको नियम बमोजिम हुनेछ ।

## ८.१० सामाजिक सुरक्षा

क.नागरिक जो आफै आफुलाई संरक्षण गर्न सक्दैन त्यस्ता नगारिकहरुलाई स्थानीय सरकारले संरक्षण गर्ने छ । विशेषगरी बालबालिका, जेष्ठ नागरिक,अपाङ्गता भएका ब्यक्तिहरु तथा एकल महिलाहरु यस अर्न्तगत पर्दछन् भने ती वर्गको संरक्षण स्वास्थ्य शिक्षा तथा जीविकोपार्जनमा सहयोग गर्दै लैजाने ।

ख.सामजिक सुरक्षा अर्न्तगत अल्पसंख्यक, सिमान्तकृत, लोपउन्मुख जातजातीहरु, दलित, मुस्लीम लगायत पर्दछन् र ती वर्गको सुरक्षा स्वास्थ्य शिक्षा तथा जीविकोपार्जनमा सहयोग गर्दै लैजाने ।

## ८.११ अनुगमन तथा मूल्याङ्कन

प्रत्येक चरणमा गरिने अनुगमन मूल्याङ्कनमा लैससासको दृष्टिकोण वाट गर्ने पछिल्लो चरणमा गर्ने अनुगमनमा अघिल्लो पटक दिएका सुझाव कार्यान्वयन भए नभएको भन्ने सुचक समेत थप गरी अनुगमन मूल्याङ्कनलाई लैससास मैत्री वनाउदै लैजाने ।

## ९.रणनितिक क्रियाकलापहरु

| क्रं.सं | उद्देश्यहरु | रणनीति | रणनीतिक योजनाहरु | मापनका सुचकहरु |
|---|---|---|---|---|
| १ | लैससासको अवधारण हासिल गर्न नगरपालीकामा तर्जुमा भएका नीति,कानुन, निर्देशिका, तथा मापदण्डहरुको पुनरावलोकन, संसोधन साथै लैससास सम्बन्धी आवश्यक कार्यविधिहरु तर्जुमा गरिने छ । | वार्षिक बजेट निर्माण गर्दा सामाजिक विकास ,पुर्वाधार, कृषि वन तथा भूमीसुधार, गरिबी निवारण, स्थानीय विकाश तथा शान्ती एवम सुशासन संग सम्बन्धीत सबै क्षत्रको वजेटलाई लैङ्गिक उत्तरदायी वनाउने | १.लैससास मैत्री योजना तर्जुमा तथा कार्यान्वयनका लागि निश्चित प्रतिशत पुजिगत बजेट विनियोजन गर्ने ।<br>२.योजना संकलन तथा प्राथमिकिकरण प्रकृयामा नै लक्षित बर्गको सहभागिता अनिवार्य गर्ने ।<br>३.लैङ्गिक उत्तरदायी योजना तर्जूमा प्रकृयालाई पूर्ण रुपमा कार्यान्वयन गर्ने ।<br>४.लैङ्गिक उत्तरदायी योजना तर्जुमा प्रकृया बाट आवधिक योजना तर्जूमा गर्ने ।<br>५.लैङ्गिक उत्तरदायी योजना तर्जुमाका लागि सुचकहरु तयार गरी त्यसैको आधारमा योजना तर्जुमा मापन र परीक्षण गर्ने ।<br>६.लैङ्गिक उत्तरदायी वजेट तर्जूमा तथा कार्यान्वयनका लागि | १.वार्षिक नीति कार्यक्रम तथा बजेट पुस्तिका<br>२.आवधिक योजना<br>३.योजना तर्जुमा प्रकृयाका बैठक तथा भेलाका उपस्थितिहरु<br>४.कार्यपालिकाका वैठकका निर्णयहरु सभाका बैठकका निर्णयहरु |

| | | | | |
|---|---|---|---|---|
| | | | सरोकारवाला पक्षलाई क्षमता अभिवृद्धि गर्ने ।<br>७.लैङ्गिक उत्तरदायी बजेट तर्जूमा तथा मूल्याङ्कन गर्न आवश्यक सूचना तथा तथ्याङ्कलाइ व्यवस्थित गर्ने प्रणालिको विकास गर्ने ।<br>सेवा प्रदायक अन्य निकायहरुलाई लैङ्गिक उत्तरदायी बजेट निर्माण प्रकृयाका वारेमा अभिमुखीकरण गर्ने । | |
| २ | गौर नगरपालिका भित्र रहेका सम्पुर्ण लैङ्गिक तथा अल्पसंख्यकको आधारमा विभेदमा परेका तथा आर्थिक रुपले विपन्न भई सामाजिक विभेदमा परेका जाति समुदाय तथा व्यक्तिहरुको पहिचान गरि सामाजिक तथा कानुनी रुपले राज्यका हरेक निकायमा सम्मानजनक समावेशीताको आधारमा सुनिश्चितता गर्नु । | स्थानीय स्तरमा कार्यरत रहेका गैर सरकारी संस्था महिला समुह किसान समुह मार्फत सामाजिक विभेद विरुद्ध जनचेतनामुलक अभियान सञ्चालन गर्ने तथा अवसरको सृजना गर्ने । | १. मेयर सँग महिला कोसेली कार्यक्रम ।<br>२. कन्या सुरक्षा योजना ।<br>३. अपांग भएका व्यक्तिहरु र लैङ्गिक अल्पसंख्यक भएका व्यक्तिहरुलाई उत्प्रेरित गर्न आवश्यक अवसरमुलक विषेष कार्यक्रम सञ्चालन गर्ने ।<br>४. लैङ्गिक, सामाजिक र आर्थिक रुपले पिछडिएका वर्गका बालवालिकाहरुलाई शिक्षा प्रति उत्साहित गर्न विशेष शिक्षमुलक अभियान सञ्चालन गर्ने । | निर्णय पुस्तिका , छलफल , अर्न्तक्रिया |
| ३ | १.जातको आधारमा समाजमा स्थापित छुवाछुद प्रथाको अन्त्य गर्ने ।<br>२. लैङ्गिकताको | १.स्थानीय स्तरमा कार्यरत गैर सरकारी संस्था दलित उत्थान आयोग, मुस्लीम आयोग, आमा समुह, बालअधिकार संघ | १. वडास्तरमा छुवाछुद विरुद्ध अभिमुखिकरण चलाउने ।<br>२. स्थानीय स्तरमा रोजगारी सृजना गर्दा लैङ्गिकताका आधारमा समावेशीताको निश्चितता गर्न कानुन बनाउने । | न्यायिक समितिको निर्णयहरु को प्रतिलिपि हुनेछ |

| | | | | |
|---|---|---|---|---|
| | आधारमा रोजगारीको अवसर प्रदान गर्ने ।<br>३. वर्तमान समयमा समाजमा देखा परेका महिला तथा बालवालिका माथि भइरहेको शोषणको अन्त्य गर्ने । | संस्थाहरु मार्फ विभिन्न जनचेतनामुलक कार्यक्रम सञ्चालन गर्ने । | ३. महिला तथा बालवालिका हरु प्रति भईरहेको शोषण तथा दुर्व्यवहार उन्मुलन गर्न दोषिहरुलाई दण्डित गर्न स्थानीयस्तरमा कडा न्यायिक समिति गठन गर्ने । | |
| ४ | अनौपचारिक मूल्य मान्यता, कुसंस्कार विरुद्ध जनचेतना वृद्धि गर्ने | १.परिवारका महिला र पुरुष दुवैलाइ सहभागि गराइ लैगिंक सम्वेदनशिला वारेमा महसुसीकरण गराइनेछ<br>२. सिकाइ अध्ययन र अवोलकनबाट सामाजिक कुसंस्कारलाइ न्यूनिकरण गरिनेछ | १. लैगिंक सम्वेदनशिला विषय समेटर परिवारका महिला र पुरुषलाइ अभिमुखिकरण गराइनेछ जस्मा कार्यबोझ विश्लेषण समेत गर्ने<br>२. कानुनी साक्षरता कार्यक्रम टोल स्तरमा सञ्चालन गर्ने<br>३ महिलाद्धारा सञ्चालित कार्यक्रम वारेमा जानकारी दिन महिला र पुरुष दुवैलाइ सिकाइ भ्रमण गराउने<br>४ महिला पुरुष सम विकास भएका परिवार महिला र पुरुष सार्वजनिक सम्मानको कार्यक्रम सञ्चालन गर्ने<br>५.जातिय भेदभाव तथा लैगिंक हिंसा सम्बन्धि टोल टोलमा सचेतना कार्यक्रम सञ्चालन गर्ने<br>६.जातिय भेदभाव तथा लैगिंक हिंसा सम्बन्धि कानुनी व्यवस्था सम्बन्धि जनप्रतिनिधिहरुलाइ अभिमुखीकरण गर्ने | लैगिंक सम्वेदनशिला विषय समेटने परिवारका महिला र पुरुषलाइ अभिमुखीकरण भएको हुनेछ ।<br><br>कानुनी साक्षरता कार्यक्रम टोल स्तरमा सञ्चालन भएको हुनेछ<br><br>जातिय भेदभाव तथा लैगिंक हिंसा सम्बन्धि टोल टोलमा सचेतना कार्यक्रम सञ्चालन भएको हुनेछ ।<br>महिला पुरुष सम विकास भएका परिवार महिला र पुरुष सार्वजनिक सम्मानको कार्यक्रम सञ्चालन भएको हुनेछ ।<br>जातिय भेदभाव तथा लैङ्गिक हिंसा सम्बन्धी कानुनी व्यवस्था सम्बन्धी जनप्रतिनिधिहरुलाइ अभिमुखीकरण भएको |

| | | | | |
|---|---|---|---|---|
| | | | | हुनेछ । |
| ५ | नगर पालिकाको नीति निर्माण, योजना तर्जुमा ,बजेट तर्जुमा तथा समग्र विकास प्रकृयामा महिला तथा लक्षित वर्गको अर्थपुर्ण सहभागिताको सुनिश्चित गर्न ति वर्गको नेतृत्व क्षमता विकास गरिने छ । | टोलस्तरबाट योजना तर्जुमा चरणमा अर्थपूर्ण सहभागितालाइ सुनिश्चि गर्ने भएको संरचनालाइ सशक्त बनाइनेछ । | १. लक्षित वर्गलाइ नेतृत्व विकास सम्बन्धि तालिम दिने<br>२ उपभोक्ता समिति गठन गर्दा कम्तीमा एउटा मुख्य पदमा महिला तथा सिमान्तकृत वर्गको राख्ने प्रवधानको व्यवस्था गर्ने<br>३.पालिकाको निति मसौदा बनाउने समितिमा समानुपातिक प्रतिनिधित्व सुनिस्चितका लागी कम्तिमा एक जना महिला र एक जना लक्षित वर्गको सहभागि अनिवार्य गराउने<br>४ लोक सेवा आयोगको पूर्व तयारी कक्षा सञ्चालन गर्ने<br>५.टोल स्तरमा योजना छनौट गर्दा लक्षित वर्गको सहभागि गराउने<br>६.स्थानीय तहका प्रत्येक वडामा महिललाइ कानुनी साक्षरता सम्बन्धि कार्यक्रम सञ्चालन गर्ने<br>७.निरक्षर महिलाको लागि प्रौढ शिक्षा कक्षा विधिबाट सञ्चालन गर्ने | लक्षित वर्गलाइ नेतृत्व विकास सम्बन्धि तालिम सञ्चालन भएको हुनेछ<br>उपभोक्ता समितिमा कम्तीमा एउटा मुख्य पदमा महिला राखिएको हुनेछ<br><br>पालिकाको निति मसौदा बनाउने समितिमा कम्तिमा एक जना महिला र एक जना लक्षित वर्गको सहभागि भएको हुनेछ ।<br><br>लोक सेवा आयोगको पूर्व तयारी कक्षा सञ्चालन भएको हुनेछ<br><br>टोल स्तरमा योजना छनौट गर्दा लक्षित वर्गको सहभागि भएका हुनेछन्<br><br>स्थानीय तहका प्रत्येक वडामा महिललाइ कानुनी साक्षरता सम्बन्धि कार्यक्रम सञ्चालन भएको हुनेछ<br>निरक्षर महिलाको लागि प्रौढ शिक्षा विधिबाट सञ्चालन भएको हुनेछ , |
| ६ | दिगो विकास र आर्थिक समृद्धिको | नगरपालिका भित्रका आर्थिक अवस्था | एकल महिलालाइ आयआर्जन कार्यक्रम सञ्चालन गर्न अनुदान | अनुदान उपलब्ध हुने छ |

| | | | | |
|---|---|---|---|---|
| | लागि महिला तथा लक्षित बर्गको समान अवसर, नेतृत्वदायी भुमिका बृद्धि साथै समान प्रतिफल र लाभ उपभोगमा सुनिश्चितका लागि आर्थिक सशक्तिकरणका गतिबिधिहरु संचालान गरिने छ । | कमजोर तथा बिपन्न परिवारको पहिचान गरि अभिलेख राख्ने । महिला, अपाङ्गता भएका व्यक्ति, मधेशि दलित, मुस्लीम तथा बिपन्न परिवारको परम्परागत तथा व्यवहारीक सिप र क्षमताको पहिचान तथा अध्यायन गर्ने । महिला तथा लक्षित वर्गको पहिचान भएका क्षमता तथा आवश्यकताको आधारमा सिप विकास, उद्यमशिलता विकास तालिमा, बैङ्किङ तथा वित्तिय कारोवार, बजार व्यवस्थापन सम्बन्धी तालिम दिने । अघिल्ला बर्षहरुमा संचालन गरिएका सिप विकास तालिमको असर प्रभावको मुल्याङ्कन गरि चालु आर्थिक बर्षको लागि कार्यक्रम तर्जुमा गर्ने र कार्यक्रमको दोहोरोपन नियन्त्रण गर्ने । | उपलब्ध गराउने<br><br>जेष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गर्ने<br>गरिव तथा विपन्न परिवार<br>लक्षित बर्ग सबै<br>नगरपालिकाको प्राथमिकिकरणमा परेकासबै लक्षित वर्गहरु<br>महिला तथा पालिकाको प्रथमिकिकरणमा परेका लक्षित बर्ग सबै<br>बैदेशिक रोजगारबाट फर्किएका युवा | उद्यमशिलता प्रर्वद्धनका लागि विमा व्यवस्थालाई अनिवार्य लागु गरि गरिएको हुने छ बजारिकरणको सुनिश्चितता गर्ने बैदेशिक रोजगारीबाट फर्किएका महिला तथा पुरुषहरुको सीप, ज्ञानको कदर हुने छ ँ लक्षित समुदायका महिला, अपाङ्गता भएका व्यक्ति, दलित तथा बिपन्न परिवाको समुह तथा संजाल गठन भएको हुने छ |
| ७ | लैससास अनुसार संस्थागत सुशासन अभिवृद्धि गर्ने | १ कर्मचारीहरुको तथा पालिकाका दलित, महिला तथा लक्षित सदस्यहरु क्षमता अभिवृद्धि गरिनेछ | १.समावेशि कोटामा कार्य पालीकामा चयन भएका सदस्यहरु, वडातहका समावेशिबाट चुनिएका सदस्यहलाइ लैससास सम्बन्धि अभिमूखिकरण गराउने<br><br>२. कार्यपालीका सदस्यहरुलाइ संस्थागत कार्यप्रणाली सम्बन्धि | समावेशि कोटामा कार्यपालीकामा चयन भएका सदस्यहरु, वडातहका समावेशिबाट चुनिएका सदस्यहलाइ लैससास सम्बन्धि अभिमूखिकरण सञ्चालन भएको हुनेछ । |

| | | | | |
|---|---|---|---|---|
| | | २ आवश्यक प्रणालीको विकास गरि सेवा प्रवाहलाइ छिटो, छरितो र पारदर्शि बनाइनेछ । | अभिमूखिकरण गराउने<br><br>३ संस्थामा सेवा प्रवाह सम्बन्धि गुनासो सुनवाइ प्रणाली विकास गर्ने<br><br>४ कार्यक्रमहरुको सामाजिक लेखापरिक्षण तथा सार्वजनिक सुनाइका कार्यक्रमहरुको आयोजन गर्ने<br>५ सेवा प्रवाह गर्दा लक्षित वर्गलाइ प्राथामिकतामा राख्ने<br><br>६ अपांग मैत्री भवन, शौचालयको निर्माण गर्ने | कार्यपालीका सदस्यहरुलाइ संस्थागत कार्यप्रणाली सम्बन्धि अभिमूखिकरण गरिको हुनेछ ।<br><br>संस्थामा सेवा प्रवाह सम्बन्धि गुनासो सुनवाइ प्रणाली विकास गरिनेछ ।<br>कार्यक्रमहरुको सामाजिक लेखापरिक्षण तथा सार्वजनिक सुनाइका कार्यक्रमहरुको आयोजन गरिनेछ<br><br>सेवा प्रवाह गर्दा लक्षित वर्गलाइ प्राथामिकतामा राखीने निति तर्जुमा भएको हुनेछ ।<br><br>नरपालीकाले सार्वजनिक भवन निर्माण गर्दा अपांगमैत्री निति लागु गरिएको हुनेछ । |
| ८ | नगरपालिका भित्र हुने सबै प्रकारको लैङ्गिक विभेद, हिंसा र अन्य सामाजिक कु-संस्कारहरुको अन्त्य गरी सबैले सामाजिक न्याय प्राप्त गरेको अनुभुति हुने सभ्य | नगरपालीका भित्रका सबै वडाका बिभिन्न समुदायहरुमा विद्यमान लैङ्गिक हिंसा, विभेदको अवस्था, हिंसाको कारण र असरको अध्यायन तथा पहिचान गर्ने।<br>नगरपालीकाको पदाधिकारी/कमर्चारील | नगरपालाका सबै कर्मचारी तथा पदाधिकारी<br>हिंसा पिडित महिला तथा समुह<br>हिंसा पिडित सबै को सहभागीता रहेको हुने छ | नगरपालिका भित्रका सबै टोल वस्ती मा लैङ्गिक विभेद, हिंसा र अन्य सामाजिक कु-संस्कारहरुको अन्त्य गरी समतामुलक समाजको निर्माण भएको हुने छ । |

| | | | | |
|---|---|---|---|---|
| | समाजको निर्माण गर्ने | ाई लैङ्गिक समानता,लैंगिक हिंसा , सुचनाको हक, महिला अधिकार, मानव अधिकार सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय जवाफदेहिता संयन्त्रको बारे तालिम दिने र तालिम कार्यकममा लक्षित समूह तथा महिला र पुरुषको समान सहभागिता र उपस्थिति सुनिश्चित गर्ने । | | |

## ९.वित्त व्यवस्थापन

माथि उल्लेखित रणनैतिक कृयाकलापहरु संचालन गर्नका लागि वित्तको आवश्यकता पर्छ नै तथापी यसमा अतिरिक्त वाह्य श्रोत प्राप्त भएमा मात्र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मुल प्रवाहीकरणको कार्य गर्ने नत्र नगर्ने हुन सक्दैन । यसका लागि हाल संचालन भइरहेको बजेट नीति तथा कार्यक्रमहरुलाई कसरी लैससास मैत्री वनाउन सकिन्छ भन्ने कुरा महत्वपुर्ण रहन्छ । लैससास मुल प्रवाहीकरणका लागि निम्नानुसार वित्त व्यवस्थापन गरिने छः ।

क. लक्षित विकास कार्यक्रमका लागि निश्चित प्रतिशत निर्दिष्ट वजेट विनियोजन गर्ने ।

ख. भौतिक पुर्वाधार निर्माणका कार्यक्रमहरुमा कामको विभाजन गरि योग्यता अनुसारको काम सवै लक्षित वर्गले गर्न पाउने गरि नीतिगत व्यवस्था गर्ने ।

ग. लैङ्गिक उत्तरदायी वजेट कार्यान्वयन गरि महिला सहभागिता अभिवृद्धि गर्ने ।

घ. स्थानीय तहमा कार्यरत विकास साझेदारहरुलाई वार्षिक कार्यक्रम तयार गरी स्थानीय तहसंग सहकार्य गर्न निर्देशन दिने ।

ङ. स्थानीय तहको सिफारिसमा सहुलियत दरको ऋण उपलव्ध गराइ वित्तीय सहयोग पुर्याउन बैंक तथा वित्तीय संघ संस्थाहरु संग समन्वय गर्ने ।

च. संघीय तथा प्रादेशिक मन्त्रालयहरुमा लक्षित विकास कार्यक्रम अन्तरगत विनियोजित बजेटले तय गरेका विषयगत क्षेत्रहरुमा अध्ययन गरी आवश्यक परियोजना प्रस्तावना तयार गरेर अधितकतम श्रोत भित्रयाउन आवश्यक जनशक्ति परिचालन गर्ने ।

छ. सरकारी तथा अन्तराष्ट्रिय गैह्र सरकारी संस्था तथा दातृ निकायहरुमा समन्वय गरी थप बजेट व्यवस्थापन गर्ने ।

## ११. कानुनी व्यवस्था

लैससास रणनीति कार्यान्वयनमा ल्याउनका लागि कार्यपालिकाको बैठकले अनुमोदन गर्नु पर्दछ । यो रणनीतिलाई प्रभावकारी रूपमा कार्यान्वयनका लागि आवश्यक पर्ने नियमावली तथा कार्यविधि पालिकाले ६ महिना भित्रमा तर्जुमा गरि कार्ययोजनाका साथ कार्यान्वयनमा लैजानेछ । तर कार्यपालिकाले पास गरी सकेपछि कानून कार्यविधिहरुको आवश्यकता नपर्ने खालका प्रावधानहरु भने स्वत कार्यान्वयनमा आउने छन्

## १२. रणनिति कार्यान्वयनको जिम्मेवारी तथा दायित्व

यस रणनीति कार्यान्वयनको लागि पालिका प्रमुखको संयोजकत्वमा गठित समितिले गर्दछ पालिकामा सामाजिक समावेशि निति २०७८ र लैससास परिक्षण दिग्दर्शन २०७८को व्यवस्था अनुसार समितिमा निम्न लिखित सदस्यहरु रहनेछन् ।

नगर प्रमुख : संयोजक

नगर उपप्रमुख : सदस्य

प्रमुख प्रशासकिय अधिकृत : सदस्य

सामाजिक विकास समितिका संयोजक : सदस्य

कार्यपालीका सदस्यहरु मध्यबाट कम्तीमा दुई जना महिला : सदस्य

संयोजकले तोकेका तीन जना लैससास समुहबाटः सदस्य

सांमाजिक संस्थाबाट समावेशी प्रतिनिधित्व हुने गरि तिन जना : सदस्य

सामाजिक विकास शाखा प्रमुख : सदस्य सचिव

उक्त समितिको काम कर्तव्य र अधिकार निम्न अनुसार प्रस्तुत गरिएको छ

१. सामाजिक समावेशीकरण नीति पुनरावलोकन र परिमार्जनका लागि खाका तयार गर्ने गराउने ।
२. नीति तथा रणनीति कार्यान्वयनका लागि सम्बद्ध वडा तथा निकाय विच सहकार्य सहजिकरण र समवन्वय गर्ने गराउने ।
३. सामाजिक समावेशीकरण सम्बन्धी बजेट तथा कार्यक्रम तर्जुमा र सञ्चालन गर्न आवश्यक समन्वय, सहकार्य तथा प्रोत्साहन एवम सहयोग सम्बन्धी व्यवस्था गर्ने ।
४. सामाजिक समावेशीकरण सम्बन्धी कार्यको अनुगमन गर्ने गराउने ।
५. सामाजिक समावेशिकरण सहयोगी नीतिहरुसँग समान स्थापना गर्ने र आवश्यक सहयोग आदान प्रदान गर्ने ।
६. सामाजिक समावेशीकरण मूलप्रवाहीकरणका लागि संस्थागत प्रणाली विधि एवम प्रक्रियाहरु स्थापित गर्न सहयोग गर्ने ।
७. वडा कार्यालयहरुमा सामाजिक समावेशीकरणका दृष्टिकोणले कार्यक्रम तर्जुमा गर्न संस्थागत क्षमता विकासमा सहयोग गर्ने ।

८. योजना, कार्यक्रम तथा बजेट तर्जुमा एवम् अनुगमन तथा प्रतिवेदन प्रणालीमा लैङ्गिक तथा सामाजिक समावेशीकरणको आवद्धता र मूलप्रवाहीकरणका लागि सहजिकरण गर्ने ।
९. सरकारी तथा गैरसरकारी संघ संस्था र नागरिक समाजमा लैङ्गिक तथा सामाजिक समावेशीकरण लाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न सहयोग पुर्‍याउने ।
१०. वडागत विकास कार्यक्रमको सामाजिक लेखाजोखा र परिक्षण गर्ने गराउने ।
११. अन्तराष्ट्रिय रुपमा गरेका लैङ्गिक तथा सामाजिक समावेशीकरण सँग सम्बन्धीत प्रतिवद्धताहरु स्थानीयस्तरमा लागु एवम् कार्यान्वयन गर्न गराउन सहजीकरण,प्रोतसाहन र आवश्यक सहयोग गर्ने ।
१२. आर्थिक एवम् सामाजिकरुपमा पछाडि परेका वर्ग जात जाति लिङ्ग, क्षेत्र एवम् समुदायले प्रत्यक्ष फाइदा । पाउने समावेशीकरणका कार्यक्रम वा आयोजनाका लागि आवश्यक बजेट विनोजन भए नभएको अनुगमन गर्ने ।
१३. सामाजिक समावेशीकरण रणनीति कार्यानवयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरुको आंकलन र जोखिम सम्बोध गर्ने गराउने ।
१४. समितिको बैठक आवश्कता अनुसार बस्नेछ । समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## १२. रणनीति कार्यान्वयन अनुगमन सम्बन्धी व्यवस्था

यो रणनीति योजना कार्यान्वयनका लागि निम्नानुसार अनुगमन तथा मुल्याङ्कन योजना तय गरिएको छ ।

१. नगरपालिका स्तरीय लैससास मुलप्रवाहीकरण रणनीतिक योजना अनुगमन तथा मुल्याङ्कनको लागि ५ सदस्य अनुगमन तथा मुल्याङ्कन समिति गठन गरिने छ ।

२. अनुगमन समितिमा लैससास सम्बन्धी ज्ञान भएको कर्मचारी,पदाधीकारी तथा तथ्याङ्कमा काम गर्ने जनशक्ति समावेश गरिने छ ।

३. अनुगमन तथा मुल्याङ्कन प्रतिवेदनको ढाँचामा खण्डकृत तथ्याङ्कको प्रारुप सुरुमा नै स्पष्ट रुपमा प्रस्तुत गरिने छ ।

४. महिला, विपन्न, लक्षित बर्गलाई प्रभावित गर्ने बिषयहरुमा आएका परिवर्तनलाई छुट्ट छुट्टै तथ्याङ्क र प्रमाणहरु संकलन गरी निर्णयको लागि सुचित गर्ने ,

५.अनुगमन र मुल्याङ्कन् टोलीमा स्थानीय सरोकारवाला र लक्षित बर्गको सहभागी गराईनेछ ।

६.लैससास मुलप्रवाहीकरण रणनीतिक योजानाको हरेक आ.व.को अन्त्यमा अनुगनमन र मुल्याङ्कन गरी समिक्षा गरिनेछ ।

## १३.जोखिम

लैससास सम्बन्धी रणनीति कार्यान्वयन गर्ने क्रममा केहि जोखिम पनि आउन सक्छ । हाम्रो जस्तो देशमा  वितरणमुखि बजेट बढी लोकप्रिय छ । जस्ले गर्दा सचेतना र सशक्तीकरण क्षेत्रमा बजेट विनियोजन नहुने जोखिम प्रशस्त मात्रमा देखिन्छ । समाजका रहेका परम्परागत मूल्य र मानताले पनि

जोखिम निम्ताउन सक्दछ । मधेशमा पनि विशेष गरेर जातिय छुवाछुत प्रथा, सानो उमेरका विवाह गर्ने परम्परागत संस्कृति आदिले गर्दा लैससास कार्यान्वयन तहमा जोखिम आउन सक्छ ।

## १३.१ संभाव्य जोखिम

लैससास रणनिति कार्यान्वयनमा निम्नुसार जोखिम आउन सक्ने अवस्था रहेको छ ।

१.भौतिक विकासलाइ मात्रै विकास मानिने प्रचलनले यस्ता कार्यक्रमको लागिबजेट विनियोजन नगर्दा कार्यक्रम र क्रियाकलापहरु न्यून बजेट विनियोजन हुने सम्भावना हुन सक्छ ।
२. कर्मचारीमा लैससास सम्बन्धी आवश्यक क्षमताको अभाव हुँदा यसको कार्यान्वयनमा अन्योलता आउन सक्छ ।
३. कार्यपालीकामा प्रतिनिधित्व गर्ने महिला तथा दलितहरुले सशक्त रुपमा कार्यान्वयमा आवाज नउठाउदा यसको प्रभावकारी कार्यान्वय नहुन सक्छ ।
४.पितृसत्ता सोच हावी रहेको सन्र्दभमा लैङ्गिक समानता रणनितिले महिला तथा बालबालिका र गरिबलाइ मात्र प्राथामिकता राख्छ भन्ने भ्रमपुर्ण बुझाइको कारण रणनीति कार्यान्वयन गतिरोध आउन सक्छ
५.स्रोत साधनको सिमितताले पनि कार्यक्रम सञ्चालन गर्न नसकिने अवस्था आउन सक्छ ।
६.सबै क्षेत्रमा लक्षित वर्गको सहभागिता नहुँदा गरिएको लैससासको अनुगमन तथा मूल्यांकनको नतिजा प्रभावकारी नहुन सक्छ ।

## १३.२ जोखिम न्यूनिकरणको लागि ध्यान दिनुपर्ने कुराहरु

१.रणनीति योजनामा समावेश भएका क्रियाकलापहरुलाई तहगत रुपमा वर्गिकरण गरि प्रथम वर्षमा के गर्ने, दोस्रो वर्षमा के गर्ने र तेस्रो वा अन्तिम वर्षमा के गर्ने भनि प्राथामिकिकरण गर्ने ।
२.लैससासमा काम गर्ने सम्पुर्ण निकाय र संस्थाहरु विच साझा बुझाइ कायम गर्ने
३.लैससास कार्यान्वय समितिमा रहेका पदाधिकारीहरुको क्षमता अभिवृद्धि गर्ने ।
४.कार्यक्रम सञ्चालनको लागि आवश्यक अनुसार विभिन्न निकाय, संस्थाहरु सँग समन्वय, सहकार्य र सम्बन्ध विस्तार गर्ने

## निश्कर्ष

गौर नगरपालीकले लैङ्गिक तथा सामाजिक समावेशीकरणको कार्यक्रमहरु केहि मात्रमा अगाडी बढाएका देखिन्छ । पालिका प्रमुख समेत यस विषय जानकार हुँदा यस्ता विषयहरु निति तथा कार्यक्रममा केहि न केहि परेका छन् । पालिकाले लैससास सम्पर्क व्यक्ति तोकेर सो मार्फत यस्ता विषयलाइ अगाडि बढाउन खोजेको देखिन्छ । यसको लागि कार्यपालिकाका सदस्यहरु, कर्मचारीहरु तथा नेतृत्वदायि भूमिका खेल्ने प्रमुख तथा उपप्रमुख र प्रमुख प्रशासकिय अधिकृत एकमत छन् । लैससास सम्बन्धी बुझाइमा एकरुपमता नहुँदा यसलाइ कसरी अगाडि बढाउने भन्नेमा अन्यौलता देखिन्छ । नयाँ जनप्रतिनिधिहरु भर्खरै कार्यभार समालेको हुँदा काममा जोस जागर देखिन्छ । लक्षित वर्गहरुमा भने यस्ता विषयमा खासै चासो भएको देखिदैन ।